# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, माघ १४ गते २०५५ साल (अतिरिक्ताङ्क ६८

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायबमोजिमको आदेश जारी गरेको छ:—

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क. बमोजिम निर्वाचन आयोगले मिति २०५३।८।२३ मा जारी गरेको "निर्वाचन आचार संहिता, २०५३" अनुसार श्री ५ को सरकारले पालना गर्नुपर्ने आचारण कार्यान्वयन गर्ने गराउने दायित्व श्री ५ को सरकार र सो अन्तर्गतका निकायका विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1262

## सूचना २

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायबमोजिमको आदेश जारी गरेको छः–

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क. बमोजिम निर्वाचन आयोगले मिति २०५३।८।२३ मा जारी गरेको "निर्वाचन आचार संहिता, २०५३" मा उल्लिखित आचरणहरू पालना गर्नु गराउनु श्री ५ को सरकार, श्री ५ को सरकार-सँग सम्बन्धित सबै अंगहरू, सरकारी तथा अर्धसरकारी समिति, संस्थान वा निगम गैर सरकारी संस्था, राजनैतिक संगठन वा दल तथा त्यसका पदाधिकारी, उम्मेदवार र निजका प्रतिनिधि वा कार्यकर्ता तथा निर्वाचनको प्रचार प्रसारमा संलग्न व्यक्तिहरूको कर्तव्य हुनेछ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।